दक्षिणकाली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

फर्पिङ, काठमाडौं, बागमती प्रदेश

दक्षिणकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय फर्पिङ, काठमाडौं बागमती प्रदेश, नेपाल २०७३

प.सं. ०७७/०७८
च.नं. शिक्षा - १०७

मिति :२०७७/११/१२

सबै सामुदायिक विद्यालयहरु
द.न.पा, फर्पिङ ।

विषय : छात्रवृत्तीको लागि छात्रा छनौट गरी पठाई दिनेबारे ।

प्रस्तुत विषयमा रुक्मिणि प्रतिष्ठानले यस न.पा अन्तर्गत सामुदायिक विद्यालयमा पढ्ने कक्षा (१-१०) सम्मका छात्राहरुलाई छात्रवृत्ती प्रदान गर्ने भएको हुदाँ रुक्मिणी प्रतिष्ठान छात्रवृत्ति छात्रा छनौट कार्यविधि-२०७७ यसै साथमा संलग्न छ । सोही कार्य विधिको आधारमा विद्यालयमा त्यस्ता छात्रा भएमा मात्र छनौट गरी ३ दिन भित्र द.न.पा शिक्षा युवा तथा खेलकुद शाखा अनिवार्य रुपमा नामावली उपलब्ध गराई सहयोग गरी दिन हुन अनुरोध छ ।

लक्ष्मण दाहाल
अधिकृत(आठौं)
२०७७/११/१२

# “छात्रवृत्ति छात्रा छनौट कार्यविधि-२०७७”

बालबालिकाको क्षेत्रमा निरन्तर कार्य गर्दै आएको यस **रुक्मिणी प्रतिष्ठान**ले बालिका शैक्षिक सुधार परियोजना अन्तर्गत बालिकाहरुलाई छात्रवृत्ति प्रदान गरी उनीहरुको सम्पूर्णात्मक विविध कार्यहरु गर्दै आइरहेको छ । बालिका शैक्षिक सुधार परियोजनाको लागि रुक्मिणी प्रतिष्ठानको कार्यसमितिले छात्रवृत्ति छनौट कार्यविधि २०७७ तयार गरी पारित गरेको छ । यो कार्यविधि अति आवश्यक बालिकाको लागि उनीहरुको शारीरिक, मानसिक, बौद्धिक तथा सामाजिक बिकासका लागि अनुकुल बाताबरणमा शिक्षा लिने समान अधिकार छ तथा यो अधिकार प्रवर्द्धन एवं संरक्षण गर्न आवश्यक छ भन्ने पक्षलाई समेत ईमान्दारिताका साथ समेटेर तयार गरिएको छ ।

संक्षिप्त नाम र विधिहरु :

१. यस कार्यविधिको नाम रुक्मिणी प्रतिष्ठानको बालिका शैक्षिक सुधार परियोजना अन्तर्गत **“छात्रवृत्ति छात्रा छनौट कार्यविधि - २०७७”** रहने छ ।

२. बालिका छनौट गर्नको लागि सामूदायिक विद्यालयद्वारा आवश्यकीय छात्राको नाम सम्बन्धित स्थानीय तह ( गाउँपालिका वा नगरपालिका) को शिक्षा शाखालाई उपलब्ध गराइने ।
३. प्राप्त नामावलीहरु दक्षिणकाली नगरपालिका शिक्षा शाखाले रुक्मिणी प्रतिष्ठानलाई उपलब्ध गराइदिने ।
३. रुक्मिणी प्रतिष्ठानका कर्मचारीहरुले उक्त बालिकाहरुको घरमा गएर सर्वेक्षण गर्ने ।
४. सर्वेक्षण प्रतिवेदन सहित रुक्मिणी प्रतिष्ठानका कर्मचारीहरुले रुक्मिणी प्रतिष्ठानको कार्य समितिमा पेश गरिने
५. रुक्मिणी प्रतिष्ठानको कार्य समितिले नगरपालिकाको शिक्षा शाखाको सहभागीतामा छात्रा छनौटको निर्णय गरिने ।

छात्रवृत्ति छात्रा छनौट गर्ने आधारहरु :

१. बाबु-आमा नभएका बालिका हुनुपर्ने छ,
२. बाबु अथवा आमा मध्ये १ जना अभिभावक नभएका,
३. अभिभावक दुवै भएर पनि आर्थिक आयस्तर न्यून भएका,
४. दलित, जनजाती तथा सिमान्तकृत वर्गका आयस्तर न्यून भएका,
५. आमा बाबु दुवै भएर पनि आर्थिक अवस्था कमजोर भएर पढाइ छोड्ने अवस्थामा पुगेका,
६. जन्म जहाँ भए पनि सामूदायिक विद्यालयमा अध्ययन गर्न चाहने वा अध्ययन गरिरहेका,
७. उस्तै प्रकृतिको छात्रवृत्ति पाएको हुन नहुने,
८. छात्रा छनौट गर्दा कक्षा १ देखि कक्षा १० सम्मको हुनुपर्ने,
९. माथि उल्लेखित बुँदाहरुमा जे जस्तो लेखिएता पनि कुनै पनि कारणले शिक्षाबाट वञ्चित हुनुपर्ने अवस्था देखिएमा आपसी सहमतिमा छात्रवृत्तिको लागि बालिका छनौट गर्न सकिनेछ ।

